जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः १८८ पृष्ठः ४ २०८० मंसिर ०१ गते शुक्रबार (Friday 17 Nov. 2023) मूल्य रु. ५।- इमेल : marganugamidaily@gmail.com

## मुस्लिम समुदायका अगुवाले मनाए भाइटीका



काठमाडौं, ३० कार्तिक। बाँकेको नेपालगंजमा मुस्लिम समुदायका अगुवाले आफूले मानेको दिदीबहीनीको हातबाट भाइटीका लगाएर तिहार मानेका छन्। बाँकेका वरिष्ठ समाजसेवी तथा मुस्लिम अगुवा प्रवेजअलि सिद्धिकीले दिदीबहीनीको हातबाट भाइटीका लगाएर तिहार मनाएको बताए। धार्मिक सद्भावलाई कायम राख्न र दिदीभाइको सम्बन्ध सुमधुर बनाउन आफूले तिहारको भाइटीका लगाएको उहाँले बताउनुभयो। त्यसैगरी बाँकेका मुस्लिम अगुवा तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अब्दुल वाहिद मन्सुरीले पनि आफूले मानेको बहिनीको हातबाट भाइटीका लगाएर तिहार मनाएको छ।

**–बाँकी तीन पेजमा**

## डुम जातिको पीडा : सीप चल्ने तर पानी नचल्ने

**सुभाष कर्ण**

जनकपुरधाम, ३० कार्तिक। तराई मधेसमा छुवाछुत अन्त्य भए पनि केही जातिविरुद्धको छुवाछुत अहिले पनि जारी नै रहेको देखिन्छ। खासगरी मधेसमा बसोबास गर्ने दलित समुदायका डुम र चमार जातिले अहिले पनि जातीय छुवाछुतको समस्या भोग्दै आएका छन्। डुम र चमार जातिको पानी अहिले पनि अधिकांश ग्रामीण वा सहरी भेगमा चल्दैन। यी जातिको बसोबास अहिले पनि केही ठाउँमा अन्य जातिबाट अलग ठाउँमा नै छ। डुम जाति भन्छन्, 'हामीले बनाएको सामग्री चल्ने तर पानी नचल्ने यो कस्तो परम्परा हो। डुम जातिले नै बनाएको बाँसको नाङ्लो, छिट्टी, पनपथिया, ढाकी लगायतका सामग्री विवाह, श्राद्ध संस्कारसहित विभिन्न व्रतबन्ध र तिहारको पूजापाठमा चल्दै आएको छ।' तर, डुम जातिले छोएको



पानी अन्यले चलाउँदैनन्।

अहिले मिथिलाञ्चलमा छठको पूर्व सन्ध्यामा बासबाट बनेका सामग्रीहरू जोहो गर्न अहिले भ्याइ नभ्याइ छ। डुम समुदाय नाङ्लो, डालो, पनपतिया लगायतका बाँसका सामग्री बनाउनेदेखि बजारसम्म पुर्याउन व्यस्त छन्। छठ पर्वमा नाङ्लो, छिटी, डालो, पनपतिया लगायतका भाँडामा अर्घ्यको प्रसाद राखिन्छ। चोयाबाट बुनेका यस्ता भाँडामा फूलप्रसाद राख्दा सुन्दर देखिन्छ।

डुम समुदायको नाङ्लो लगायतका सामग्री बनाउने सीप जति सुन्दर छ, उनीहरूको जीवन त्यति नै कष्टपूर्ण छ। समाजमा उनीहरूको सीप चल्छ तर पानी चल्दैन। यस्तै पीडाका कारण डुम समुदायका नवपुस्तामा आफ्नो पुर्ख्यौली पेसाप्रति वितृष्णा बढ्दै गइरहेको छ। अहिले पनि हामीलाई हेय दृष्टिले हेर्ने गरेको डुम जातिका जनकपुरधाम उपमहानगरपालिका–१६ का अजय मलिक भन्छन्। 'एक त समाजमा हामी तिरस्कृत छँदैछौं त्यसमाथि होटेलमा पुग्दा

**–बाँकी तीन पेजमा**

## नेपाली शान्ति सेना स्वदेश फिर्ता

काठमाडौं, ३० कार्तिक। संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ मालीमा तैनाथ नेपाली शान्ति सेनाको नवौँ डफ्फा स्वदेश फर्केको छ। प्रमुख सेनानी चित्रकुमार कार्कीको नेतृत्वमा हातहतियार तथा बन्दोबस्तीका सामग्रीसहित संयुक्त राष्ट्रसंघको चार्टर्ड विमानद्वारा बिहीवार ८१ जनाको डफ्फा स्वदेश फिर्ता भएको हो। मालीमा तैनाथ शान्ति मिसन बन्द गर्ने संयुक्त राष्ट्रसंघको निर्णयअनुरूप नेपाली सेनाको टोलीमा रहेका एक सय ५६ जना एवम् स्टाफ तथा पर्यवेक्षक नियुक्तिमा कार्यरतसमेत एक सय ६८ जना सकल दर्जा स्वदेश फिर्ता हुने क्रममा पहिलो टोली विहीबार नेपाल आइपुगेको हो।




## चोरमाथि गोली प्रहार, दुई जना घाइते

महोत्तरी, ३० कार्तिक। महोत्तरीमा प्रहरीको गोलीबाट दुईजना घाइते भएका छन्। गए राति प्रहरीले हातहतियारसहित दुई जनालाई पक्राउ गरेको थियो। प्रहरीको गाडीबाट भागेपछि दुवैजनालाई प्रहरीले गोली हानेको थियो। दुवै जना गम्भीर घाइते भएका छन्। घाइते हुनेमा सर्लाहीको लालबन्दी नगरपालिका–२ का ३२ वर्षीय शक्तिकपुर पासवान र ३३ वर्षीय अजय पासवान रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए। दुवै जनाले यही कात्तिक २० गते राति जलेश्वर नगरपालिका–८ का जयकिशोर चौधरीको घरबाट रु एक लाख नगद, सुनका गहना, चाँदी तथा एक थान मोबाइल लुटेका थिए। जिल्ला प्रहरी कार्यालयबाट सहायक प्रहरी निरीक्षक रामेश्वर यादवको नेतृत्वमा खटिएको टोलीले दुवै जनालाई मंगलबार गरुडा नगरपालिका–४ पानीट्याङ्की नजिकैबाट पक्राउ गरेको थियो। प्रहरीले उनीहरूको साथबाट कट्टुवा पेस्तोल एक थान, गोली चार राउन्ड, मोबाइल एक थान र नगद रु चार हजार बरामद गरेको छ। पक्राउ परेका दुवै जना महोत्तरी ल्याउँदै गर्दा राति सर्लाहीको संक्रामपुरबाट भाग्न खोजेपछि प्रहरीले चलाएको गोलीबाट घाइते भएका प्रहरी नायब उपरीक्षक गिरीले बताए। उनीहरुको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको छ। करिब रु ६० लाख लुटपाट गरेको आरोपमा पक्राउ परेका दुवै जनालाई प्रहरीले मुलकी अपराध संहिता २०७४ को परिच्छेद २० को दफा २४४ बमोजिम कारबाही प्रक्रिया अगाडि बढाएको उनले बताए।

### भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## तिहार सकियो, छठ पर्वको रौनक शुरु

काठमाडौं, ३० कार्तिक। यसपालिको तिहार पर्व सकिएको छ। हिजो भाइटीका लगाएसँगै तिहार पर्व सकिएको हो। हिजो दिदीबहिनीले आफ्ना दाजुभाइलाई श्रद्धा, आस्था र निष्ठाका साथ दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गर्दै परम्परा अनुसार पञ्चरङ्गी वा सप्तरङ्गी टीका लगाएका थिए। यस्तै, दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि दाजुभाइले पनि दिदीबहिनीलाई टीका लगाइदिएका थिए। भाइटिकासँगै झिलिमिली पर्व तिहार सकिएको छ। यसैबीच, तिहार सकिएसँगै छठ पर्वको रौनक शुरु भएको छ। विशेषतः सन्तान प्राप्ति, रोग निदान र पारिवारिक कल्याणका लागि मनाइने छठ पर्वलाई अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने पर्वको रुपमा लिइन्छ। यो पर्व नियम, निष्ठा र विधिपूर्वक मनाइने साझा संस्कृति भएका कारण यसका निम्ति आवश्यक पर्ने सामग्रीको जोहो र किनमेल गर्न नागरिक व्यस्त छन्।

छठमा प्रसादका रुपमा केरा, फलफूल, पान, सुपारी, भण्टा, मुला किन्न अहिले जनकपुरधामसहित सम्पूर्ण तराई–मधेशका प्रमुख बजारमा निकै चहलपहल बढेको छ। लक्ष्मी पूजाको चार दिनपछि अर्थात् कार्तिक शुक्ल पक्षको चौथी तिथिका दिनबाट छठ पर्व विधिवत् रूपमा आरम्भ हुन्छ।

तराईका जिल्लामा छठ पूजाका लागि चाहिने सामग्री, हरिया तरकारी र फलफूल किन्नेको भिडभाड छ। खासगरी छठ पूजामा छठी मातालाई अर्पण गरिने प्रसादमा स्याउ, केरा, सुन्तला, पानी भएको नरिवल, उखु, हरियो बोडी, पानी सिङ्घडा, मुला, अदुवाको बोट पर्छन्। अहिले छठपर्व मनाउनेहरू पोखरीका डिल र नदीका तट सरसफाइ गर्दै आफ्ना लागि पूजास्थल सुरक्षित बनाउन थालेका छन्। घाटमा लाखौं रकम खर्चेर सरसफाइ, सजावट र व्यवस्थापनका लागि काम पनि धमाधम भइरहेका छन्।

छठ पर्व नजिकिएकाले माटोका भाँडाको माग बढेको छ। केही भारतीय नागरिकसमेत नेपाली बजारमा छठका लागि माटोका भाँडो बिक्री गर्न आउन थालेका छन्। धनुषाको जनकपुरधामसहित महेन्द्रनगर सखुवा, ढल्केवर, वटेश्वर, धारापानी, वीरेन्द्रबजार, सबैला, सहिदनगरको मुख्य चोक र हटियामा अहिले साप्ताहिक हटियाको दिन मात्र नभई दिनहुँजसो माटाका भाँडा बिक्री हुँदै आएका छन्। सांस्कृतिक पर्वमा प्रायजसो भाँडा माटाकै प्रयोग गरिने प्रचलनले यस्ता पर्व नजिकिएसँगै माटाका भाँडा बनाउने प्रजापति समुदायको व्यस्तता निकै बढेको छ।






## छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको ज्यान गयो

काठमाडौं, ३० कार्तिक। सुनसरीमा भएका छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको ज्यान गएको छ। धरान उपमहानगरपालिका–६ मालपोत चोकमा गएराति भएको दुर्घटनामा मोरङको केराबारी गाउँपालिका–५ का ३४ वर्षीय पदमबहादुर लिम्बूको ज्यान गएको प्रहरी नायब उपरीक्षक नवीनकृण भण्डारीले जानकारी दिए। दुर्घटनामा त्यही ठाउँकी २३ वर्षीया जेनिशा मगर, ४५ वर्षीया अञ्जना मगर र २४ वर्षीया रबिना मगर घाइते भएका छन्। को २ ह ५५६५ नम्बरको टेम्पो अनियन्त्रित भइ दुर्घटना भएको प्रहरीले जनाएको छ। त्यसैगरी मोटसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएका सुनसरीको इनरुवा–३ का ६० वर्षीय बालकुमार खतिवडाको ज्यान गएको छ। बा२७प ८७०१ नंको मोटरसाइकलले उहाँलाई ठक्कर दिएको हो।

# टिकटकमाथि प्रतिबन्ध : भ्रम र यथार्थको १० तथ्य



मनहरि तिमिल्सिना

नेपाल सरकारको गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक सञ्जाल टिकटक बन्द गर्ने निर्णय गरेपश्चात त्यसमाथि राष्ट्रियस्तरमा बहस भइरहेको छ। नेपालजस्तो लोकतान्त्रिक मुलुकका लागि यस्ता बहसहरू स्वभाविक मात्र नभएर स्वागतयोग्य पनि छन्। लोकतन्त्रको सुदृढीकरण र विकासका निम्ति यस्ता बहसहरू भइरहनेछन् र राज्यले खुल्ला हृदयले स्वागत गरिरहनुपर्दछ। यो आलेख टिकटक प्रतिबन्ध गर्नुपर्नाको कारण एवं प्रतिबन्धपछि देशव्यापी रूपमा उठेका प्रश्न र जिज्ञासाहरूमा केन्द्रित रहनेछ, जसले हरेक लोकतान्त्रिक राज्य कसरी राज्य, राज्यका नागरिक र समाजप्रति उत्तरदायी रहन्छ भन्ने कुराको बोध गर्न सजिलो हुनेछ।

विश्व सन् १९८० पछि सूचना–प्रविधिमा अभ्यस्त हुन थालेको भए पनि नेपालले आधुनिक प्रविधिको प्रयोग गर्न थालेको लामो इतिहास छैन। २०६२/६३ को जनआन्दोलनपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले सूचना–प्रविधिमा विशेष चासोका साथ पहल लिएको थियो, जुन मन्त्रिपरिषद्मा सूचना तथा सञ्चारमन्त्री थिए माओवादी नेता कृष्णबहादुर महरा। अर्थात् सशस्त्र द्वन्द्वबाट शान्ति प्रक्रियामा प्रवेश गरेको माओवादीका निम्ति विशेष रूचि र चासोको विषय थियो– सूचना प्रविधि। किनकी, १० वर्षे जनयुद्धमा माओवादी स्वयंले नवीनतम् प्रविधिहरूको विकास र उपयोगमा जोड मात्र दिएन, पार्टी अध्यक्ष प्रचण्डले आफ्नो हरेक दस्तावेजमा सूचना–प्रविधिमा आएको अभूतपूर्व क्रान्तिको आत्मसाथ गर्दै नयाँ जनवाद हुँदै समाजवादको आधार तयार पार्नुपर्नेमा जोड दिनुहुन्थ्यो। यसको अर्थ हो–प्रारम्भदेखि नै माओवादी प्रविधिमैत्री थियो।

पछिल्ला १५ वर्षमा नेपालले सूचना–प्रविधिको क्षेत्रमा महत्वपूर्ण फड्को मारेको छ। यस अवधिमा छापा तथा विद्युतीय सञ्चारमाध्यममा गुणात्मक विकास भएको छ। आमसञ्चार यति शक्तिशाली क्षेत्र भएको छ, जो आफैंले आफ्ना लागि समाचार उत्पादन, प्रसारण र वितरण गर्दछ। सामाजिक सञ्जालका धेरै प्लेटफर्ममा नेपालीहरू अभ्यस्त छन्। यस्ता सञ्जालहरूले पहुँचको अभावमा लुकेका प्रतिभाहरूको प्रष्फुटन गराएका छन्, अन्यायमा परेका नागरिकहरूका आवाजले राष्ट्रिय महत्व पाएका छन्। उपचार नपाएका कैयौं नेपालीहरूलाई सहयोगको राम्रो आधार तयार भएको छ। मानिसहरूले कम खर्चमा आफूले पढ्न/सुन्न/हेर्न चाहेको सामग्री सुलभ रूपमा प्राप्त गरेका छन्। बलियो सामाजिक सञ्जाल स्थापित गर्न सहयोग पुगेको छ। देश/विदेशमा रहेका आफन्त र साथीहरूबाट सघन सम्बन्ध र अन्तरक्रिया कायम भएको छ। विभिन्न शिक्षाप्रद सामग्रीको उपलब्धताले मानिसले बहुआयमिक ज्ञान हासिल गर्ने अवसर प्राप्त गरेको छ। नीति निर्माता र राज्य सञ्चालकहरूलाई नागरिक तहबाट खबरदारी गर्ने राम्रो माध्यम बनेको छ, आदि–आदि। सूचना–प्रविधि र सामाजिक सञ्जालका बहुआयाम छन्, जसले व्यक्ति, समाज, राष्ट्र र सिङ्गो विश्वलाई अगाडि बढ्न उत्प्रेरित गरिरहेको छ।

तर, यति धेरै सबल पक्ष हुँदाहुँदै पनि पछिल्लो समय नेपाली समाजमा सामाजिक सञ्जालको दुरूपयोग बढ्दो छ। साइबर अपराधका नयाँ–नयाँ आयाम र तरिकाहरू सतहमा आएका छन्। नेपाल प्रहरीमा दर्ता भएका उजुरीहरू र तिनीहरूको प्रकृति हेर्दा राज्यले जिम्मेवारीपूर्वक नियमन नगर्ने हो भने हाम्रो भविष्यमाथि खतराको बादल मडारिँदैछ। यसतर्फ हामी सबै चनाखो र गम्भीर बन्नैपर्छ।नेपालमा सञ्चालित सबै सामाजिक सञ्जाल र एपहरूका गुणदोष दुवै छन्। युट्युब, फेसबुक, ट्वीटरलगायतका सामाजिक सञ्जालमा पनि पारिवारिक र सामाजिक मर्यादाविपरितका धेरै सामग्रीहरू छन्। तिनीहरूमाथि समेत नियमन जरूरी छ।

तर, आजको सन्दर्भमा सबैभन्दा धेरै दुरूपयोग टिकटकको देखिएको छ। त्यसको नियमनका लागि राज्यको तर्फबाट पर्याप्त गृहकार्य र तयारी गरिएको देखिन्छ, यद्यपि नियमन सम्भव भएन। त्यसैले सरकार तत्कालका लागि टिकटक बन्द गर्ने र अरू सामाजिक सञ्जालहरू मर्यादित बनाउन नियमन गर्ने निष्कर्षमा पुग्यो। आजको यथार्थ यही हो। टिकटकमा प्रसारित सबै सामग्रीहरू खराब छैनन्। त्यो कुरा प्रयोगकर्ताको ज्ञान, विवेक र सभ्यतामा समेत निर्भर रहन्छ। टिकटकका माध्यमबाट नयाँ प्रतिभाहरू सतहमा आएका छन्, उनीहरूले सामाजिक जीवनमा राम्रो प्रगति गर्ने आधार पनि खडा भएको छ। विभिन्न ज्ञानवर्धक सामग्री बनाउने बौद्धिक जमात पनि यहाँ क्रियाशील छ। उनीहरूले टिकटकलाई कसरी प्रगतिका निम्ति उपयोग गर्ने भन्नेखालका शिक्षा र सन्देश प्रसारण गरिरहेका छन्। यो सकारात्मक पक्ष हो।

तर, टिकटकबाट चर्चा कमाउने र आयआर्जन गर्ने नाममा जे–जस्ता सामग्रीहरू प्रसारित हुने गरेका छन्, ती गम्भीर प्रकृतिका छन्। श्रम, उत्पादन, रोजगारी र सेवा क्षेत्रमा हुनुपर्ने युवा जनशक्तिको सम्पूर्ण ध्यान टिकटकमा देखिएको छ, उनीहरू टिकटकबाट आम्दानी गर्न जे–जे गर्दा 'भ्यूज' बढ्छ, त्यस्तै कर्म गर्न अभ्यस्त देखिन्छन्। लाइभका नाममा जे–जति विकृति देखिएका छन्, त्यसको जति नै निन्दा गरे पनि कमै हुन्छ। यस्ता सामग्रीहरूको प्रसारणले सबैजसो परिवारमा तनाव र बेचैनी हुने गरेको छ। अत्यन्तै उत्तेजक, कृतिम, अश्लिल सामग्री प्रस्तुत हुँदै जाँदा शिक्षित र बौद्धिकहरूसमेत 'भ्यूज' बढाउन अश्लिलताको प्रतिस्पर्धातर्फ धकेलिँदैछन्। उनीहरूसमेत उटपट्याङमा लालयित हुने र गहन बौद्धिक एवं शैक्षिक सामग्री, चिन्तन/मन्थन शून्यप्रायः देखिँदैछ। प्रयोगको एकाध वर्षमा नै नेपालमा यस्तो विकृति देखिएको छ, जसमाथि लगाम नलगाउने हो भने भोलिको परिस्थिति राज्य, समाज र परिवारको नियन्त्रणबाहिर जानसक्छ।

टिकटकमा प्रसारित भएका कतिपय सामग्रीहरू परिवार सँगै बसेर हेर्नै नसकिने खालका छन्। पूरै नग्नताका साथ प्रस्तुत हुने, सीमाबाहिरको गालीगलौज गर्ने, आफूले ढलेको सिन्को नउठाउने, केही गरिरहेका वा गर्न खोजिरहेका माथि तथानाम गाली गर्ने, आवाज, तस्बिर, भिडियो 'इडिट' गर्ने र तथ्यलाई बङ्ग्याएर प्रस्तुत गर्ने, श्रम संस्कृतिलाई तिरस्कार गर्ने, पारिवारिक उत्तरदायित्वबाट बिमुख हुने, घर–घरमा मनोरोगको भ्रूण रोप्ने, सभ्यता, संस्कृति र ज्ञानविज्ञानमाथि प्रहार गर्ने, पारिवारिक कलह, भै–झगडा, व्यक्तिको गोपनीयताको हकमाथि आक्रमण, बालबच्चा र जेष्ठ नागरिकको विकास र हेरचाहमा लापर्वाहीजस्ता सयौं अश्लिलता र विकृतिका कारण टिकटकमाथि नियमन अनिवार्य थियो।

सामाजिक सञ्जालको दुरूपयोगले सञ्चारमाध्यम पनि दिक्क भएका छन्। हप्तौं लगाएर अनुसन्धान गरिएका सामग्री ओझेलमा पर्ने र कुनै लगानी, परिश्रम र गुणस्तर नभएका सामग्री भाइरल हुने परिस्थितिले हरेक क्षेत्रको व्यवसायिकतामाथि नयाँ चुनौती थपिएको छ। कर्मठहरू गुमनाम छन्, अघिपछि युट्युबरहरू बोकेर हिड्ने 'स्टन्डबाज'हरू चर्चामा छन्। अस्पतालमा १८ घण्टा बिरामीको सेवा गर्ने स्वास्थ्यकर्मीको कुनै चर्चा छैन, एक कार्टुन चाउचाउ बाँड्न १२/१५ जना युट्युबर बोकेर हिड्ने अभियान्ताको चर्चा छ। उही दानी, उही ज्ञानी, उही त्यागीको भ्रमले समाज आक्रान्त छ। नयाँ–नयाँ रङ्का जोगीको उदयले नागरिक रनभुल्लमा छन्।

एउटा स्रष्टाले अहोरात्र मेहेनतका साथ गीत, कथा, कविता लेख्छ। एउटा कलाकारले वर्षौं लगाएर उक्त सिर्जनामा संगीत र स्वर भर्छ। एउटा उत्पादकले लाखौं खर्च गरेर उक्त सिर्जना बजारमा ल्याउँछ। तर, एउटा बेतुकको टिकटकरले त्यसलाई पूरै बिगार्छ, सामाजिक सञ्जाल दुर्गन्धित तुल्याउँछ। बिडम्वना, त्यही युट्युबर र टिकटकर हिट हुन्छ "लाइक", 'फलो', 'भ्यूज' उसैको बढ्छ। जसको सिर्जना हो, ऊ गुमनाम छ। जसले सिर्जनामाथि अपराधपूर्ण धावा बोल्छ, सामाजिक सञ्जाल दुर्गन्धित बनाउँछ, ऊ हिरो छ। यो ज्यादती सभ्य समाजले सहन सक्ने कुरा होइन।टिकटकका सन्दर्भमा यति कुरा भनिसकेपछि अब चाहिँ नागरिक तहबाट उठेका केही जिज्ञासा, आलोचना र टिप्पणीहरूमाथि ध्यान दिन उपर्युक्त ठान्दछु। ती तर्क एवं टिप्पणी र सच्चाइबारे हामी सबै प्रष्ट हुन आवश्यक छ।

**पहिलो :** टिकटक बन्द गर्नु अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्नु हो, वाक् तथा प्रेस स्वतन्त्रतामाथि धावा बोल्नु हो। यो कुतर्क र आग्रहपूर्ण राजनीतिक आक्षेप हो। यिनै राजनीतिक दलहरू हुन्, जो निरङ्कुशताका विरूद्ध देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति लडे। लोकतन्त्रका निम्ति, अभिव्यक्ति स्वतन्त्रताका निम्ति भूमिगत जीवन, जेलनेल र बलिदानको कीर्तिमान कायम गरे। त्यसैले यी दल र शक्तिहरूको नशानशामा लोकतन्त्रप्रति आस्था र विश्वास छ। हामी स्पष्ट हुनुपर्छ– अभिव्यक्ति स्वतन्त्रताको अर्थ अराजकता होइन, स्वतन्त्रताको अर्थ स्वच्छन्दता होइन, वाक् स्वतन्त्रताको अर्थ मनलाग्दी लागीगलौज र मानमर्दन होइन। हाम्रो संविधान र कानुनहरूले जुन व्यवस्था गरेका छन्, त्यसको मर्म र भावनाको सम्मान गर्नु नै वास्तविक अर्थमा लोकतन्त्र हो।

**दोस्रो :** टिकटक नेपालमा मात्र बन्द गरिएको होइन, विश्वका कैयौं मुलुकहरूले यसको औचित्यमाथि प्रश्न उठाउँदै बन्द गरिसकेका छन्। अश्लिलता, मानव बेचबिखन, गलत सूचना अफवाह प्रवाह,

**–बाँकी तीन पेजमा**

# यसकारण जरुरी छ बालबालिकालाई घुमघाम गराउन



बालबालिकाहरू स्वभावैले चुलबुले, चकचके हुन्छन्। उनीहरू एकै ठाउँमा बसिरहन रुचाउँदैनन्। यो चञ्चले उमेरमा नयाँ नयाँ ठाउँमा घुम्न, थरीथरीका खानेकुरा खान, खेल्न, रमाइलो गर्न उनीहरुलाई औधी मन पर्छ। विकसित मुलुकमा जस्तो नेपालमा बालबालिकालाई नियमित रुपमा घुमाउन लैजाने चलन निकै कम छ। बिदामा पनि उनीहरुलाई घरमै राख्ने नेपाली समाजको आम चलन हो। अन्य मुलुकमा बिदाको दिन सन्तानसँगै अभिभावक पनि घुम्न जाने गर्छन्। नेपालमा घुम्न आउने विदेशी पर्यटकले बालबालिकासमेत सँगै लिएर आएको हामी देखिरहेकै हुन्छौं। हामीकहाँ बाहिर घुमाउन लैजाँदा धेरै पैसा खर्च हुने कारणले पनि यो चलन विकास नभएको हुन सक्छ।

**बालिबालिका घरबाहिर घुमाउँदा धेरै खर्च लाग्छ ?**

घरबाट बाहिर घुमाउन लैजाँदा बालबालिकालाई धेरै खर्च लाग्छ भन्ने होइन। बाहिर भन्नेबित्तिकै महंगो होटल वा रेस्टुरेन्टमा खाना खुवाउनुपर्छ, चर्को शुल्क लाग्ने पार्कमा नै घुमाउन लैजानुपर्छ भन्ने होइन। शुल्क नलाग्ने पार्क, आफ्नै घरवरिपरिका मन्दिर तथा छोटो दूरीको हाइकिङमा बच्चालाई लैजान सकिन्छ। हाइकिङ जाँदा पनि घरबाटै खाजा बनाएर लैजान सकिन्छ, यसले खर्च बचाउँछ।

**'क्वालिटी टाइम'**

'क्वालिटी टाइम' बिताउनु भन्ने त हामीले सुनिरहेकै हुन्छौं। बालबालिकालाई घरबाहिर घुमाउनु लैजानु पनि क्वालिटी टाइम अन्तर्गतकै कार्य हो। बालबालिकालाई बाहिर घुमाउँदा उनीहरुले आफ्नो इच्छा, दृष्टिकोण, सोच, व्यवहार राम्रोसँग पहिचान गर्न सक्नेछन्। घरमा बस्दा भन्दा बाहिर घुम्दा देखिएका, भेटिएका कुराहरुको चासोले उनीहरुलाई थप सिक्ने मौका मिल्छ।

**घरभित्रै सीमित गर्दा के हुन्छ ?**

बालबालिकालाई घरभित्र मात्रै सीमित राख्दा उनीहरुको बाहिरको वातावरणमा घुलमिल हुनै पाउँदैनन्। जसकारण उनीहरुको मस्तिष्क र स्मरण क्षमतामा पनि असर पर्छ। हुन त आजभोलि इन्टरनेटको पहुँच घरघरमा छ। तर इन्टरनेटमा हेरेर बाहिर दुनियाँ हेर्नु वा बुझ्नु भन्दा प्रत्यक्ष रुपमा साक्षात्कार गर्नु मानसिक र शारीरिक रुपमा फाइदाजनक हुन्छ। उनीहरुले व्यावहारिक शिक्षा, घरबाहिरको छुट्टै संसार बुझ्ने मौका पाउँछन्। ठाउँ अनुसार परिवेश, रहनसहन, खानपान, व्यवहार, सामाजिक अन्तरघुलन, बोलीवचन सिक्ने मौका पाउँछन्।

जुन उनीहरुले जीवनभर याद गर्छन्। यसले पैसा तिरेर सिकाउन नसकेको व्यवहारिक भूमिका सिकाउँछ। जीवनमा आउने उतारचढावसँग सजिलै लड्न सक्ने क्षमता पनि विकास हुन्छ। घुमघामले उनीहरुको मनोबल बढाउन मद्दत गर्छ।

**कहाँ–कहाँ घुमाउने ?**

बालबालिकालाई यस्तै ठाउँमा मात्रै घुमाउनुपर्छ भन्ने छैन र त्यसका लागि टाढा लैजानु पनि पर्दैन। घरदेखि नजिकको पार्क, मन्दिर, खेल मैदान, नजिकैका डाँडाकाँडा, नदी, तलाउ क्षेत्रमा घुमाउन लैजान सकिन्छ। कहिलेकाहीं उनीहरुलाई आधुनिक कुरा देखाउन सपिङ मल, सिनेमा हलमा लैजान सकिन्छ। उनीहरुका लागि घुम्न रुचि लाग्ने अर्को ठाउँ हो, बाल उद्यान। त्यहाँ खेल्न पाउँदा उनीहरु निकै रोमाञ्चित हुन्छन्।

–एजेन्सीको सहयोगमा

---

*टिकटकमाथि ...*

राष्ट्रिय सुरक्षा, युवाहरूको मानसिक स्वास्थ्यलगायतका कारण देखाउँदै टिकटक प्रतिबन्ध लगाउने देशको संख्या २७ पुगेको छ। बेलायत (२०२३), अमेरिका (२०२०), न्युजिल्याण्ड (२०२३), क्यानडा (२०२३), ताइवान (२०२२), बेल्जियम (२०२३), डेनमार्क (२०२३), पाकिस्तान (२०२०), अफगानिस्तान (२०२२), भारत (२०२०), सोमालिया (२०२३), अर्मेनिया (२०२०), अजरवैजान (२०२०), बङ्गलादेश (२०१८), इन्डोनेसिया (२०१८) इरान (२०२३), जोर्डन (२०२२), अष्ट्रिया (२०२३), इस्टोनिया (२०२३), फ्रान्स (२०२३), आयरल्याण्ड (२०२३), लाट्भिया (२०२३), माल्टा (२०२३), नेदरल्याण्ड (२०२२), नर्वे (२०२३) र अष्ट्रेलिया (२०२३) ले टिकटकमाथि प्रतिबन्ध लगाइसकेका छन्। आफ्नै देशभित्र उत्पादन भएको एपलाई चीनले समेत कडा नियमन गरिरहेको छ, जहाँ चीनबाहिरका नागरिकले उही एपबाट टिकटक चलाउन सक्दैनन्। यसले प्रष्टाउँछ– कुन सोसल मिडिया वा एप प्रयोग गर्ने वा नगर्ने, गर्न दिने वा नदिने भन्ने कुरा सम्बन्धित मुलुकको राष्ट्रिय हित र चासोमा निर्भर रहन्छ।

**तेस्रो :** टिकटक नियमन गर्न सकिन्थ्यो, नियन्त्रण गर्नु गलत हो। जुन कुरा सतही विश्लेषण हो। एक हप्ताअघि गृह मन्त्रालयले टिकटकका प्रतिनिधि बोलाएर एपलाई नियमन गर्नेबारे छलफल गरेको थियो। तर, उक्त छलफलमा टिकटकका प्रतिनिधिहरूले टिकटक नियमन गर्न नसकिने, अवान्छित सामग्रीहरू हटाउन नसकिने, फेक आइडीलाई नियमन गर्न नसकिने बताएपछि सरकारले बन्दको विकल्प रोज्नुपरेको हो।

**चौंथो :** सामाजिक सञ्जालका रूपमा आउने नयाँ–नयाँ प्रविधिका मुख्यतः दुई स्वार्थ छन् : प्रविधिको माध्यमबाट प्रभाव विस्तार र व्यापारिक स्वार्थ। त्यस्ता सञ्जालहरू सञ्चालनमा आउँदा नेपालभित्र अनिवार्य दर्ता हुनुपर्छ। दर्ता नहुँदा त्यस्ता सञ्जालहरूको अनुगमन, नियमन र करको दायरामा ल्याउने विषय कठिन हुन जान्छ। तसर्थ, भविष्यमा सामाजिक सञ्जालका सबै प्लेटफर्महरूलाई देशभित्र दर्ता अनिवार्य गर्नेगरि जानैपर्छ।

**पाँचौं :** पारिवारिक र सामाजिक सद्भाव भड्काउने अरू पनि सोसल मिडिया छन्, टिकटक बन्द गरेर समस्या समाधान हुँदैन भन्ने तर्क पनि छ। यथार्थ हो– अरू सोसल मिडियामा पनि अवान्छित सामग्री छन्, तिनीहरूको पनि नियमन जरूरी छ। तर, सबैभन्दा बढी अवान्छित गतिविधि टिकटकमा हुनु र स्वयं टिकटकका प्रतिनिधिले नै नियमन गर्न सकिँदैन भन्नु नै टिकटक बन्द गर्नुपर्नाको प्रमुख कारण हो।

**छैटौं :** टिकटक बन्द गरे पनि 'भिपिएन'बाट टिकटक चलाउन सकिन्छ भन्ने तर्क पनि छ। हो– भिपिएनबाट पनि टिकटक चलाउन सकिन्छ तर राज्यले नै गैरकानुनी ठहर गरिसकेको एप चलाउने काम पनि गैरकानुनी हुन जान्छ। त्यस्ता प्रयोगकर्ताहरू स्वतः कानुनको दायरामा आउनेछन्।

**सातौं :** सर्वोच्च अदालतले सरकारको निर्णय उल्टाउनेछ। यो पनि सतही तर्क नै हो। नेपालको संविधानले देशको राष्ट्रिय हित, प्रतिष्ठा, स्वतन्त्रता, सामाजिक सद्भावमा खलल पुग्ने कुनै पनि गतिविधिमा कानुन बनाएर नियन्त्रण गर्ने अधिकार प्रदान गरेको छ। टिकटक प्रतिबन्ध सामाजिक सञ्जाल नियमन निर्देशिका जारी गरेपछि मात्रै गरिएको छ। तसर्थ, यो संवैधानिक र कानुनसम्मत छ।

**आठौं :** चीनको एप्लिकेशन भएकाले बन्द गरियो, भूराजनीतिक दबाबको प्रभाव हो भन्ने गरिएको छ। जुन सर्वथा गलत र पूर्वाग्रहपूर्ण विश्लेषण हो। नेपाल सरकार पञ्चशीलको सिद्धान्त, असंलग्न परराष्ट्र नीतिका साथै दुवै छिमेकीलगायत विश्वभरिका मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध राख्दछ। यो तथ्य प्रचण्ड सरकारका १० महिनाले प्रमाणित गरिसकेको छ।

**नवौं :** सरकार मिसन २०८४ बाट त्रसित भएको प्रोपोगाण्डा गर्ने कोशिस हुँदैछ, जुन भ्रामक कुरा हो। २०८४ को निर्वाचनमा कुन शक्ति र दलको हैसियत के हुन्छ भन्ने कुरा हाम्रो बाँकी ४ वर्षले निर्धारण गर्नेछ, कुनै पूर्वप्रायोजित प्रोपोगाण्डाले निर्धारण गर्दैन। आज जुन दल र नेताहरू गालीगलौजको सहाराले जनमत आफूतिर तान्ने कोशिस गर्दैछन्, निर्वाचित भएपश्चात तिनीहरू पनि परीक्षाको कसीमा जाँचिनैपर्छ। त्यतिबेला थप प्रष्ट हुनेछ– आवेग, घृणा, उत्तेजना, गालीगलौजले राज्य चल्दैन। राज्यका कुशल सञ्चालक ती हुन्, जोसँग ज्ञान, विवेक, निर्णय क्षमता, राजनीतिक योगदान, त्याग बलिदान, सिद्धान्त, राजनीतिक समर्पण चाहिन्छ। यो तथ्य स्थापित गर्न लोकतान्त्रिक शक्तिहरूले धैर्यतापूर्वक संघर्ष गर्नेछन्।

**दशौं :** प्रविधि नवीनतम् चेतनाको उपज हो, यसलाई नियन्त्रण गर्न खोज्नु पछौटेपन हो भन्ने कुतर्क पनि देखिन्छ। यो सबैभन्दा भयानक र घातक छ। प्रविधि मुलतः विकसित चेतना र विज्ञानको उपज हो। तर, प्रविधिका सबै प्लेटफर्मले नवीनतम् युग र चेतनाको प्रतिनिधित्व गर्छन् भन्ने निश्चित हुँदैन। 'पोर्न साइड' पनि प्रविधि नै हो तर त्यसले नवीनतम् चेतनाको प्रतिनिधित्व गर्दैन। क्रिप्टोकरेन्सी पनि प्रविधि नै हो तर त्यसमाथि लगभग सिंगो विश्वले नै प्रतिबन्ध लगाएको छ। त्यसैले सभ्यता र समुन्नतिको आकांक्षा राख्ने मुलुकहरूले त्यसमाथि प्रतिबन्ध लगाएका छन्। गुण र दोषका आधारमा समर्थन र विरोध नगरी प्रविधिका खराब पक्षहरूलाई पनि नवीनतम् चेतनाको उपज ठान्नु बौद्धिक टाटपल्टाइ मात्रै हो। त्यसैले तत्कालका निम्ति सरकारले जुन कदम चालेको छ, त्यसले राष्ट्रको बृहत्तर हित, सामाजिक सद्भाव र पारिवारिक एकताको लक्ष्य राखेको छ। हामीसँग सामाजिक सञ्जालका धेरै प्लेटफर्महरू छन्, तिनीहरूको रचनात्मक, सकारात्मक, आलोचनात्मक र प्रतिफलमुखी ढंगले उपयोग गरौं। इकागजबाट

*मुस्लिम समुदायका...*

उनले दशैं, तिहार, रक्षाबन्धन, होली जस्ता चाडपर्व सधैं यसरी नै मिलेर मनाउने गरेको बताए। 'हामी सद्भावको सहरमा छौं। यो सहर आफैंमा एउटा धार्मिक परम्पराअनुसार मिलेको सहर हो। यहाँ मुस्लिमले हिन्दूको मात्र नभइ हिन्दू समुदायले पनि हाम्रा चाडपर्वलाई यसैगरी हर्षोल्लासका साथ मनाउने गर्नुहुन्छ,' उनले भनेको छ।

यस्तै, भाइटीकाको दिन हिजो मुस्लिम धर्मगुरू मौलाना अब्दुल जब्बार मन्जरीले बागेश्वरी मन्दिरका मूल महन्थ चन्द्रनाथ योगीलाई शुभकामना दिनुभएको थियो। दुवै समुदायका धर्म गुरूले एकता र सद्भावका लागि संयुक्त रूपमा सबै एकआपसमा मिलेर बस्न आग्रहसमेत गरेको छ।

*डुम जातिको ...*

पनि हामीलाई अलग्गै दृष्टिले हेरिन्छ,' उनले भने, 'हामीले बनाएको नाङ्लो, डालो लगायतका सामग्री पवित्र भए, त्यसमा प्रसाद राखेर भगवानलाई अर्पण गर्न सकिन्छ तर हामी अछुत कसरी भइम्।'

नागरिक समाजका अगुवा अमरचन्द अनिल भन्छन्, 'पुरानो पुस्ताका व्यक्तिहरूले मात्रै छुवाछुत मान्ने गरेको भए पनि नयाँ पुस्तामा छुवाछुतको भावना रहेको छैन। जातीय छुवाछुत सामाजिक कलंकको रूपमा रहेको छ। यसलाई हटाउनका लागि सबै पक्षको उत्तिकै आवश्यकता छ।' मुलुकमा आएको आमुल परिवर्तनसँगै देश विकासको पथमा अग्रसर भइरहेको अवस्थामा अहिले पनि आफूहरूमाथि छुवाछुत हुनु, हेयको दृष्टिले हेरिनु दुःखको विषय भएको रेवता मलिकले बताए। 'मुलुकमा आएको परिवर्तन हाम्रो लागि न हर्ष न विष्मात भै भएको छ,' उनले भने।

विमला देवी पनि अहिले बाँसको कलात्मक सामग्री बनाउन व्यस्त छिन्। छठ पर्व संघारमै रहेकाले बिहानैदेखि सामग्रीहरू बनाउन व्यस्त हुन्छिन् उनी। अपरान्ह फेरि सोही सामग्री बिक्रीका लागि बजारसम्म पुग्छिन्। तर, मेहनत गरेर बनाएका ती सामग्रीहरू बिक्री नहुँदा उनी चिन्तित छिन्। 'बाँसको सामग्री बनाउनु हाम्रो पेसा हो तर अन्य जातिका व्यक्तिहरू बाहिर बाहिरबाट किनेर ती सामग्रीहरू बिक्री गर्न थालेपछि हामीलाई समस्या भएको छ,' उनले बताइन्।

'अहिले एउटा बाँसको मूल्य २ सय रुपैयाँसम्म पर्छ,' उनले भनिन्, 'एउटा बाँस किनेर ४ वटासम्म नाङ्लो बनाउँछौं, फेरि त्यो नाङ्लो बिक्री हुन्छ वा हुँदैन भन्ने चिन्ता हुन्छ नै।' उनले यस पटक ५ वटा बाँसका सामग्री बनाएकी छिन् जबकि केही वर्ष अगाडिसम्म २०/२० वटासम्म बाँसको भाँडो बनाउने गर्थिन्। 'छठ पर्वमा पहिले हामीले नै बनाएको बाँसको सामग्री प्रयोग गरिन्थ्यो तर अहिले पित्तलको सामग्री प्रयोग हुन थालेपछि हाम्रो आय आर्जनको माध्यम नै बन्द भएको छ,' कुसुमी देवीले भनिन्, 'हामीले बनाएको सामग्री बिक्री नहुँदा ऋण काढेर पर्व मनाउनु पर्छ।'

देश संघीयतासँगै आएको परिवर्तनपछि पनि मधेश प्रदेशमा १ लाखको हाराहारीमा रहेका डोम समुदायका लागि बोलिदिने अहिलेसम्म कोही छैनन्। सो समुदायबाट नीति निर्माण तहमा प्रतिनिधित्व नभएकाले पनि उनीहरूका लागि बोलिदिने कोही कथित गैरसरकारी संघ संस्था बाहेक कोही नभएको उनीहरूको भनाइ छ। 'गैरसरकारी संघ संस्थाहरूले दलितहरूको नाममा बर्सेनि अर्बौं रुपैयाँको कार्यक्रम सञ्चालन गर्दै आएका छन्। तर, सुधारमा खासै भएको देखिँदैन,' उनीहरू भन्छन्।

# मंसिर १ गतेदेखि फेरिँदै जयनगरबाट बिजलपुरासम्म चल्ने रेलको समय तालिका




धनुषा, ३० कार्तिक। नेपाल रेल्वेले जाडो मौसममा नयाँ समयतालिका निर्धारण गरी रेल सेवा सञ्चालन गर्ने जनाएको छ। भारतको जयनगरबाट जनकपुरधाम सम्म जनकपुरबाट बिजलपुरासम्म सञ्चालन भइरहेको नेपाल रेल सेवा आगामी मङ्सिर १ गतेदेखि हालको समयतालिकामा परिवर्तन गरी सञ्चालन गर्ने नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन कुमार झाले जानकारी दिए।

मङ्सिरदेखि चिसो बढ्ने र दिउँसोको समय छोटो हुने हुँदा यात्रुको सुविधालाई ध्यानमा राखी हालको समयतालिकामा परिवर्तन गरिएको उनको भनाइ छ। दैनिक आउजाउ गरी छ पटक सञ्चालन भइरहेको रेल भंगाहा (बिजलपुरा) –जयनगर खण्डमा पूर्ववत दैनिक एक सेवा सञ्चालन हुनेछ। जनकपुरधाम–जयनगर खण्डमा दैनिक तीन सेवा सञ्चालन यथावत रहेको छ। महाप्रबन्धक झाले भने, “चिसो मौसमका कारण यात्रुको सुविधा र स्वास्थ्यलाई मध्यनजर गरी समय मात्र परिवर्तन गरिएको छ।” परिवर्तन गरिएको नयाँ तालिकाअनुसार रेल सेवाको पहिलो ट्रिप रेल भङ्गहाबाट ( बिजलपुरा) बिहान ७:३० प्रस्थान र जयनगर ९:१५ पुग्ने र अन्तिम जयनगरबाट दिउँसो ४:१५ बाट चल्ने रेल साँझ ७:१५ बजे भंगहा आइपुगेर रात्रि विश्राम बस्ने नेपाल रेल्वे कम्पनी लिमिटेड केन्द्रीय कार्यालय जनकपुरले जनाएको छ।

त्यस्तै जयनगरबाट बिहान १० बजे प्रस्थान गर्ने रेल जनकपुरधाम ११:१५ बजे पुग्ने र सोही रेल जनकपुरधामबाट बिहान ११:४५ बजे चल्ने रेल जयनगर दिउँसो १:१५ बजे पुग्ने जनाएको छ। यसैगरी फेरि जयनगरबाट दिउँसो १:४५ बाट चल्ने रेल जनकपुरधाम दिउँसो ३:१० बजे आइपुग्ने र सोही रेल पुनः जनकपुरधामबाट दिउँसो ३:१५ बजे सञ्चालन भई दिउँसो ४:४० बजे जयनगर पुग्ने नेपाल रेल्वे कम्पनी जनकपुरधामका कर्मचारी रञ्जित कुमार ठाकुरले जानकारी दिए।

दिउँसो ४:४५ बजे जयनगरबाट बिजलपुराका लागि अन्तिम रेल सेवा सञ्चालन हुने उनले भने। यो रेल साँझ ७:१५ बजे भंगहा (विजपुरा) पुगेर रात्रि विश्राम बस्ने छ। यस रेल विस्तार परियोजनाको प्रथम चरणमा जयनगर–जनकपुर कुर्था ३५ किलोमिटर, दोस्रो चरणमा धनुषाको कुर्थाबाट महोत्तरीको विजलपुरा भंगाहासम्म १७ दशमलव पाँच किलोमिटर रेलको लिक तयार भएको छ। तेस्रो चरणमा विजलपुरा भंगाहाबाट बर्दिबाससम्म १८ किलोमिटर खण्डमा रेल सेवा सञ्चालनका लागि लिक निर्माण भइरहेको छ। विसं १९९४ मा जुद्धशम्शेरका पालामा सुरु भएको बिजलपुरा–जनकपुर–जयनगर ५२ किमी रेलमार्ग २०५८ सालमा बाढीले बिग्हीपुल (लोहारपट्टि, महोत्तरी) भत्काएपछि जनकपुर–जयनगर ३५ किलोमिटरमा सीमित भएको थियो। नेपालमा पहिलो रेल सेवा १९८४ सालमा चन्द्रशम्शेरको पालामा रक्सौल–अमलेखगञ्ज सुरु भएको थियो।

अहिले सञ्चालन भइरहेको नेपाली रेल २०७७ असोज २ गते भारतीय रेल्वे कम्पनी कोंकर्ण कर्पोरेशनसँग रु ८४ करोड ६५ लाखमा दुई सेट ‘डेमो ट्रेन’ (डिजेल इलेक्ट्रिक मल्टिपल युनिट) खरिद गरी ल्याइएको थियो। सो रेलमा एक हजार दुई सयदेखि एक हजार तीन सय यात्रुले यात्रा गर्न सक्ने बताइएको छ।

# छठको तयारी : सफासुग्घर पारिँदै घर

**जनार्जन खत्री**



सर्लाही, ३० कार्तिक। छठ पर्वका लागि तराई मधेशमा घर, आँगन लिपपोत र सरसफाइ गरी चिटिक्क पारिएको छ। सर्लाहीमा पनि स्थानीयले पवित्र पर्वछठका लागि नजिकको जलाशयसँगै आफ्नो घर आँगन सरसफाइ र लिपपोत गरी चिटिक्क पारेका हुन्। छठपर्व मङ्सिर ३ गते आइतबार मनाइँदैछ। यो पर्वमा निकै चोखोनितो गर्नुपर्ने मान्यता छ। बसबरिया गाउँपालिका –३, भवानीपुरकी रञ्जुदेवी माझीले छठपर्वका लागि घर, आँगन लिपपोत तथा सरसफाइको काम सकेर पर्वको तयारीमा जुटेको बताए। पक्की घर भएकाले रंगरोगन र सरसफाई गरेका छन्। कच्ची घर भएकाले पनि माटो लगाएर घर, आँगन लिपपोत गरी सफा पारेका छन्। अधिकांशले छठ पूजाको विधिका लागि आवश्यक पर्ने सरसामग्री खरिद गरिसकेका छन्। कतिपयले यहाँको बयलवास, बरहथवा, मलंगवा, लालबन्दी, हरिवनलगायतका बजारमा छठका सरसामग्री किनिरहेको भेटिन्छ। सीमावर्ती क्षेत्रका अधिकांश भने छठमा आवश्यक पर्ने सामग्री किन्न सीमापारि भारतीय बजारमा पुग्नेगरेका छन्। पर्सा गाउँपालिका–२, शीतलपुरका वडाध्यक्ष सतेन्द्र यादवले सीमामै टाँसिएको आफ्नो गाउँका अधिकांश छठका सामग्री किन्न भारतीय बजारमा पुग्नेगरेको बताए। त्यस्तै, जिल्लामा अहिले विभिन्न जलाशयमा छठ पूजाको तयारी तीव्र पारिएको छ। पोखरी, नहर तथा खोला किनारमा सरसफाइ गरी धमाधम पूजास्थल निर्माण गर्ने काम भइरहेको स्थानीयले बताएका छन्। छठ नजिकिएसँगै प्रहरीले सुरक्षा सतर्कता बढाएको छ। सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपेन्द्र पञ्जियार थारुले तिहार शान्तिपूर्ण बनेको र अब छठका लागि भरपर्दो सुरक्षा प्रबन्ध मिलाउन लागिपरेको जानकारी दिए।

# भूकम्पबाट प्रभावित भएकाहरुलाई चिसोको सास्ती

काठमाडौं, ३० कार्तिक। बेलैमा न्यानो र राम्रो गरी राहत नपाउँदा जाजरकोट र रुकुमपश्चिमका भूकम्प प्रभावित चिसोले बिरामी पर्न थालेका छन्। भूकम्प गएको दुई हप्ता भैसक्दा पनि खुला आकाशमुनि रहेका धेरैजसो प्रभावितलाई चिसोले सताउन थालेको छ। घर भत्केका र चर्केका उनीहरु खुला आकाशमुनि बसिरहेका छन्। तत्काल राहतका त्रिपाल, फोम र खाद्य सामग्री विभिन्न संघसंस्थाले बाँडेका थिए। तर त्रिपालले चिसो थेग्नुभन्दा अझ बढी चिसो बनाउँदा भूकम्प प्रभावित चिसोले थलिन थालेका हुन्। बालबालिका, सुत्केरी र वृद्धवृद्धा चिसो सहन नसकी बिरामी परेका छन्।

त्रिपालको भरमा केटाकेटी र बुढाबुढी जोगाउन गाह्रो परेको जाजरकोटको नलगाड–१, चिउरीका सन्तोष कुमाइको गुनासो छ। चिसो बढ्न थालेसँगै पीडितलाई कसरी जोगाउने भन्ने अर्को चिन्ता थपिएको भेरी नगरपालिकाका मेयर चन्द्रप्रकाश घर्तीले बताउनुभएको छ। एकसरो त्रिपाल, कम्बल र केही राहत सामग्री दिए पनि चिसोबाट बचाउन स्थायी संरचना बनाउन ढिला हुने भएकाले थप समस्या देखिएको घर्तीले बताउनुभयो। सरकारले तत्काल अस्थायी संरचना निर्माणका साथै पुनर्निर्माणका काम थाल्ने भने पनि अहिले बालबालिका, सुत्केरी, वृद्धवृद्धा बिरामी हुन थालेका छन्। भूकम्पको केन्द्रबिन्दु जाजरकोट यसअघि पनि झाडापखालाबाट निक्कै प्रभावित भएको जिल्ला हो। अहिले पनि रुघाखोकी, ज्वरो र अन्य सरुवा रोगको जोखिम बढेको छ। उनीहरुको स्वास्थ्यलाई ध्यानमा राखेर अवस्था थप नाजुक हुन नदिन डाक्टरसहित स्वास्थ्यकर्मीको टोली निरन्तर प्रभावित क्षेत्रमा खटिएको कर्णाली प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका निर्देशक डा.रविन खड्काले बताउनुभएको छ।

# अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा नेपाललाई कास्य पदक

काठमाडौं, ३० कार्तिक। कात्तिक २० देखि २८ गतेसम्म चीनको राजधानी बेइजिङमा भएको २७ औँ अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा नेपालले कास्य पदक जितेको छ। प्रतियोगितामा दृशान्तकुमार महर्जनले नेपालका लागि कास्य पदक दिलाएका नेपाल एस्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिए।

सोसाइटी सन् २०१८ देखि अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा सहभागी हुँदै आएको छ। नेपालले यसअघि सन् २०१९ मा पनि ओलम्पियाडमा कास्य पदक जितेको थियो। सन् २०१४ देखि शुरु राष्ट्रिय एस्ट्रोनोमी ओलिम्पियाडबाट जीत हासिल गरेका विद्यार्थीले हरेक वर्ष विभिन्न अन्तर्राष्ट्रिय ओलम्पियाडमा भाग लिँदै आएका छन्। नेपालले सन् २०१४ देखि अन्तर्राष्ट्रिय खगोल तथा खगोल भौतिक विज्ञान ओलम्पियाडमा भाग लिँदै आएको छ। त्यसअन्तर्गत अहिलेसम्म विद्यार्थीले नेपालका लागि १२ सम्मानार्थ पदक र दुई कास्य पदक हात पारेका छन्। सन् २०२२ मा




स्थापित अन्तर्राष्ट्रिय खगोल तथा खगोल भौतिक विज्ञान ओलम्पियाड–जुनियरमा अहिलेसम्म नेपाली विद्यार्थीले तीन सम्मानार्थ पदक प्राप्त गरेका भट्टराईले बताए।

**के हो राष्ट्रिय एस्ट्रोनोमी ओलिम्पियाड ?**

राष्ट्रिय एस्ट्रोनोमी ओलिम्पियाड एक प्रारम्भिक प्रतिभा पहिचान शैक्षिक प्रतियोगता हो। यस प्रतियोगितामा सामेल भई उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि सिफारिस गरिँदै आएको सोसाइटीले जनाएको छ। सन् २०१४ देखि सञ्चालन गरिएको यस प्रतियोगिताबाट तीन हजारभन्दा बढी विद्यार्थीले आफ्नो प्रतिभा प्रस्तुत गरिसकेका छन्। यस कार्यक्रमले उत्कृष्ट ठहराएका विद्यार्थीले देश तथा विदेशमा रहेका उत्कृष्ट विश्वविद्यालयमा अध्ययन गर्ने अवसर पाएका छन्। राष्ट्रिय एस्ट्रोनोमी ओलिम्पियाडमा कक्षा ८–१२ मा अध्ययनरत १३–२० वर्षका विद्यार्थीलाई समावेश गराइन्छ। प्रतियोगितासम्बन्धी थप जानकारी जान्न चाहनेले सोसाइटीको कार्यालयमा सम्पर्क गर्न सकिने अध्यक्ष भट्टराईले बताए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)